घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाप्पुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

बैठक

आज मिति २०७८ साल पुस ०५ गते सोमबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | [signature] |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | [signature] |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | [signature] |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | [signature] |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | [signature] |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | [signature] |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | [signature] |
| १० | श्री जानुकाथापा मगर | सदस्य | [signature] |
| ११ | श्री हिमालीमायावि.क. | सदस्य | |
| १२ | श्री गंगामायावि.क. | सदस्य | |
| १३ | श्री सुन मायाथिङ | सदस्य | [signature] |
| १४ | श्री सुरेश कुमार अधिकारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | [signature] |

**अन्यउपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | [signature] |
| २ | श्री [illegible] थापा | ,, | [signature] |

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ह्यूटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७८ पुस ०५ गते सोमबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. १०औं गाउँसभाको मिति तय गर्ने तथा आवश्यक तयारी सम्बन्धमा ।

३. उपभोक्ता समितिबाट संचालन हुने योजना/कार्यक्रम सम्बन्धमा ।

४. फापरचुली भ्यूटावर सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको १० औं गाउँसभा मिति २०७८।०९।१६ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा गाउँपालिकाबाट संचालन हुने २० लाख सम्मका योजना/कार्यक्रमहरु उपभोक्ता समितिबाट संचालन गर्ने/गराउने र २० लाख भन्दा माथिका योजना/कार्यक्रमहरु टेण्डर मार्फत संचालन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. १ फापरचुलीमा भ्यू टावर निर्माण गर्न तयार भएको डि.पि.आर र स्टीमेटमा प्राविधिक त्रुटी देखिएकोले आवश्यक कानूनी प्रकृया पुर्‍याई संसोधन सहित निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** विविध सम्बन्धमा छलफल गर्दा

क. बालविकास शिक्षक/शिक्षिका र विद्यालय कर्मचारिको तलब भत्ता बृद्धिका सम्बन्धमा शिक्षा समितिको मिति २०७८ मंसिर २२ गतेको निर्णयलाई नै अनुमोदन गर्ने निर्णय गरियो ।

ख. शिक्षा समितिको मिति २०७८ मंसिर २२ गतको बैठकबाट सिफारिस भएको यस गाउँपालिकाले गाउँपालिका सम्पूर्ण विद्यालयमा लागु हुने गरि निर्माण गरेको स्थानीय पाठ्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

ग. शिक्षक सेवा आयोग नियमावली, २०५७ को दशौं संसोधन अनुसार शिक्षक हुन तोकेको न्यूनतम योग्यता मध्ये अध्यापन अनुमती पत्र लिएको भनि उल्लेख गरिएको भएपनि विद्यालयमा विज्ञान, गणित र अंग्रेजी विषयमा शिक्षक नियुक्ति गर्न सो योग्यता बाधा पर्ने भएकोले संघ, प्रदेश र

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहबाट अनुदानमा करारमा नियुक्ती हुने शिक्षकका लागि खुल्ला दरखास्त आह्वान गरि अध्यापन अनुमती पत्र भएका शिक्षकको दरखास्त परे अन्य अध्यापन अनुमति पत्र नभएका शिक्षकको दरखास्त स्वतः खारेज हुने अन्यथा अनुमति पत्र नभएका शिक्षकलाई नै नियुक्ती हुने गरि कार्य गर्ने गराउने गरि सबै विद्यालयमा सूचना गर्ने निर्णय गरियो ।

घ. परामर्शदाता मार्फत तयार गरिएको यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण संसोधन सहित पारित गरियो ।

ङ शिक्षा समितिको मिति २०७८ मंसिर २२ गतको बैठकबाट सिफारिस भएका श्री आ.वि टुनीभञ्ज्याङमा कार्यरत स्थायी शिक्षक (प्रा.शि तृतीय) श्री राम कुमार घिसिङलाई यहि पालिका भित्रको श्री मा.वि गोपेमा कामकाज गर्न खटाउने र सो विद्यालयमा कार्यरत श्री मान बहादुर पाखिनलाई आ.वि टुनीभञ्ज्याङमा कामकाज खटाउने निर्णय गरियो ।

च. गाउँपालिका भित्रको ९ हप्ता सम्मको गर्भ बैधानिक रुपमा पतन गराउने कार्यको लागि राष्टिय स्वास्थ्य तालिम केन्द्र, टेकु, काठमाण्डौं बाट ५ दिने गर्भ पतन सम्बन्धी तालिम लिई आउनुभएकी वस्तीपुर स्वास्थ्य चौकीमा अ.न.मी पदमा कार्यरत श्री बेली कृष्ण घोले र कार्यरत स्वास्थ्य संस्था गाउँपालिकामा सूचीकृत गरि सेवा प्रदान गर्ने निर्णय गरियो ।

छ. आ.व. २०७९।०८० को लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन गर्न तपशिल बमोजिमका योजना कार्यक्रमहरु छनोट गरियो ।

तपसिल :

१) चन्दनपुर्-सल्ले-केराबारी-गौरी-भैंसे वस्तीपुर्-सात दोबाटो सम्म सडक निर्माण

२) खट्टार देखि अमले थलागाउँ हुदै फापरचुलीसम्म सडक निर्माण

३) चिलाउने पचभैया लप्से हुदै सातदोबाटोसम्म सडक निर्माण

४) रामपुर पाखुरे रामभेडे हुदै काकलिङ सम्म सडक निर्माण

५) गाउँपालिका भवन निर्माण र सडक बोर्ड, नेपालको आ.व. २०७७।०७८ मा संचालित कार्यक्रम समेत

६) वडा नं. ५ को खानेपानी योजनाका लागि

जगत बहादुर मोक्तान
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत